नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

National Cooperatives Regulatory Authority (NCRA)

(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३३
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

पत्र संख्या :
चलानी नं. :

मिति :२०८२/०३/२३

## सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ/ संस्थाहरुको लागि सहकारी ऐन,२०७४ को दफा १०३ज ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणद्वारा यो निर्देशन जारी गरिएको छ।

रबिन ढकाल
उपसचिव
(हाल सचिव, राष्ट्रिय सहकारी नियमन प्राधिकरण)

बोधार्थ

श्री भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिहँदरबार।
श्री नेपाल राष्ट्र बैंक,बालुवाटार।
श्री सहकारी बिभाग,नयाँ बानेश्वर।
श्री राष्ट्रिय सहकारी महासंघ,पुल्चोक।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

# नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर।

## सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन

निर्देशन नं: १/२०८१/८२ जारी मितिः २०८२।०३।२२

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ/संस्थाहरुको लागि सहकारी ऐन, २०७४ को दफा १०३ज बमोजिम यो निर्देशन जारी गरिएको छ।

१. आफ्ना सदस्यहरुसँग नियमित रुपमा सम्पर्क गर्दै वित्तिय साक्षरता अभिवृद्धि र सदस्य केन्द्रित कारोबारमार्फत विश्वास आर्जन गर्ने।

२. ऋण तथा बाँकी बक्यौता असुलीलाई थप प्रभावकारी बनाई आफ्ना सदस्यहरुको माग गरेको बखत बचत रकम फिर्ता गर्ने प्रबन्ध गर्ने।

३. परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जाचुक्ता गर्न परेको कठिनाईलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्याङ्कन गरी देहायका शर्तहरुको आधारमा ३ महिनाभित्र निवेदन लिई बढीमा एक वर्षसम्मका लागि पूनर्तालिकीकरण गर्न सकिने:

(क) ऋणीले कर्जा तिर्न नसकेको कारण सहितको निवेदन पत्र,

(ख) खराब ऋणीको सूचीमा नपरेका र यस अघी यस्तो सूविधा नलिएको,

(ग) कर्जामा पाकेको ब्याजको १० प्रतिशत ब्याज भुक्तानी गरेको,

(घ) पूनर्तालिकीकरण गर्दा एक तह माथिको ऋण वर्गमा वर्गीकरण गर्न सकिने र सोही बमोजिम ऋण नोक्सानी व्यवस्थामा (Loan Loss Provision) समायोजन गर्न सकिने,

(ङ) पूनर्तालिकीकरण गर्दा ऋण नोक्सानी व्यवस्थाबाट Write Back भएको रकम संचित मुनाफा खाता खर्च गरी छुट्टै खातामा लेखाङ्कन गर्नुपर्ने।यसरी लेखाङ्कन गरिएको रकमबाट लाभाँश तथा कर्मचारी बोनस वितरण गर्न नपाईने,

(च) पूनर्तालिकीकरण गरेबापत ऋणी सदस्यबाट कुनै प्रकारको शूल्क/हर्जना लिन नपाईने

४. पूनर्तालिकीकरण गरिएका ऋणको किस्ता लगातार ६ महिनासम्म नियमित भए पश्चात त्यस्ता कर्जाको ऋण नोक्सानी व्यवस्थावाट Write Back गरिएको रकम मात्र छुट्याई सञ्चित मुनाफा खातामा लेखाङ्कन गर्न सकिने ।

५. आर्थिक वर्ष २०८१।०८२ को अवधिभित्र पाकेको ब्याज आगामी श्रावण १५ गतेभित्र भुक्तानी गरेमा आ.ब २०८१।०८२ को आयको रुपमा गणना गर्न सकिने।

६. सहकारी संस्थाले बैंक तथा वित्तिय संस्था, सहकारी बैंक तथा अन्य संघसंस्थाबाट कुल सम्पत्तीको पाँच प्रतिशतसम्म लिएको ऋणलाई समेत स्रोत संकलन सिमाभित्र कायम गर्न सकिने। यसभन्दा अघि सो सिमाभन्दा बढी लिएको ऋणको हकमा आगामी आर्थिक वर्षसम्ममा सिमाभित्र कायम गर्नुपर्ने।

७. **"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकिय मापदण्ड, २०८२"** बमोजिम धितो लिलाम गर्दा बिक्री नभई संस्थाको नाममा सकार गरेको सम्पत्तीको प्रचलित व्यवस्था बमोजिम कायम राखिएको नोक्सानी व्यवस्थालाई पूँजी पर्याप्तताको लागि गणना गर्न सकिने।

८. सहकारी संघ/संस्थाले आफ्नो कर्जाको स्थिति हेरी तोकिएको न्यूनतम कर्जा नोक्सानी व्यवस्थाको अतिरिक्त थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न चाहेमा कर्जा नोक्सानी थप गर्न सकिने।

९. सहकारी ऐन, नियमावली, मापदण्ड तथा यस निर्देशन विपरित कार्य गरेको पाईएमा कानुन बमोजिम कारवाही गरिनेछ।